## तपाईंको औषधी सेवा सम्बन्धी कामको सही सम्पादन

तपाईं लगायत तपाईंका चिकित्सक कसरी औषधी उपचार सेवा पुऱ्याइरहेका छन् भन्ने र यस्तै अन्य सेवामा समेत उपचार नतिजा विवरण (टप-TOP) ले सेवा पुऱ्याउँछ । टप (TOP) बाट स्थानीय रूमपा र राष्ट्रिय रूपमा धेरै भन्दा धेरै सूचना सङ्कलन गर्न सकिनेछ ।

यसले –

- मानक उपचार सेवामा सहयोग पुऱ्याई तपाईं र तपाईं जस्ता सेवाग्राहीहरूले कसरी प्रभावकारी उपचार सेवा पाउने भन्ने बारेमा सहयोग गर्छ ।
- सेवाग्राहीको चाहनाबमोजिम सेवा उपलब्ध गराई उनीहरूको जीवनमा परिवर्तन ल्याउन र स्थानीय स्वास्थ्य योजनाकारलाई उपचार सेवाको सही सम्पादन गर्न सहयोग पुऱ्याउँछ।
- उपचार सेवाले राम्रो काम गर्छ भन्ने उचित कारण देखाई सरकारलाई उपचार सेवामा लगानी गर्न उत्प्रेरित गर्छ ।

हाम्रो टप (TOP) को वेभ साइट www.nta.nhs.uk/TOP मा अरू जानकारी राखिएको छ वा तपाईं आफ्नो चिकित्सकलाई यसबारे सोध्न सक्नुहुन्छ ।

### टप (TOP) को स्थापना समय

टप (TOP) मे २००७ मा स्थापना भएको हो र सेप्टेम्बरदेखि यसले सेवा पुऱ्याउनेछ । अक्टोबर १ २००७ देखि टप (TOP) ले राष्ट्रिय औषधी (लागू पदार्थ) उपचार अनुगमन पद्धति (NDTMS) लाई सेवा सम्पादनको सूचना उपलब्ध गराउनेछ।

औषधीजन्य पदार्थ दुरूपयोग सम्वन्धी राष्ट्रिय स्वास्थ्य सेवा संस्था (NTA) राष्ट्रिय स्वास्थ्य सेवाको एउटा अङ्ग हो । हामी औषधी (लागू पदार्थ) उपचारमा सहयोग पुऱ्याउन र फराकिलो वा बृहत उपचार सेवा उपलब्ध गराउन २००१ मा स्थापित भएका हौं ।

औषधीजन्य पदार्थ दुरूपयोग सम्वन्धी राष्ट्रिय स्वास्थ्य सेवा संस्था (NTA)
८ औं तला हर्कुलस हाउस हर्कुलस रोड लन्डन एसई१ ७डियु
फोन ०२० ७२६१ ८८०१
फ्याक्स: ०२० ७२६१ ८८८३
इमेल - nta.enquiries@nta-nhs.org.uk

यसको पूर्ण जानकारी चाहिएमा
सङ्केत टप (TOP) 1 पि ओ बक्स ७७७, लन्डन एसई१ ६एक्स एच लेखी अनलाइन www.nta.nhs.uk मा पठाउन सक्नु हेनेछ ।

फ्याक्स : ०१६२३ ७२४ ५२४
फोन ०८७०१ ५५५ ४५५
इमेल - NTA@prolog.uk.com

एन एच एस

औषधीजन्य पदार्थ  दुरूपयोग सम्वन्धी
राष्ट्रिय स्वास्थ्य सेवा संस्था (NTA)

औषधी (लागू पदार्थ) उपचार सेवामा सुधार गर्दै
तपाईँको उपचार सफल पार्न

# उपचार  नतिजा विवरण टप (TOP)

*औषधी (लागू पदार्थ) उपचारमा प्रगति*

हामीलाई थाहा छ औषधी (लागू पदार्थ) उपचारले राम्रो काम गर्छ तर सेवा प्रयोगकर्ताको प्रगति (नतिजा) को नियमित जाँच र सेवाको मानक व्यवस्था भने छैन ।

**हामी एउटा नयाँ पद्धतिको निर्माण गर्दैछौं – उपचार नतिजा विवरण अथवा टप (TOP)**

यसले सेवा प्रयोगकर्ताको नतिजामा ध्यान दिँदै सम्पूर्ण औषधी (लागू पदार्थ) उपचार पद्धतिमा नेतृत्व गर्नेछ । तल दिइएका मूख्य मूख्य क्षेत्रमा नियमित जाँच गरी टप (TOP) ले तपाईँको चिकित्सकलाई व्यक्तिगत उपचार गर्नमा सहयोग गर्छ । र यसले सेवा प्रयोगकर्ताले प्राप्त गरेको उपलब्धीलाई मध्यनजर गरी उपचार सेवा सक्षम पार्छ ।

टप (TOP) भनेको प्रत्येक तीन महिना (साधारणतया जब तपाईँको रेखदेख कागजात हेरिन्छ) मा तपाईँको जानकारी सङ्कलन गरिने प्रस्नोत्तर हो । यसले तपाईको जबाफको तुलनात्मक अध्ययन गरी कस्तो स्वास्थ्य लाभ गरिरहनु भएको छ भन्ने बारे जानकारी गराउँछ ।

औषधी (लागू पदार्थ) उपचार सेवामा वृद्धि गर्न र अरू सेवा प्रयोगकर्तालाई सन्तुलित सेवा दिन सङ्लित सूचनाले सहयोग पुर्‍याउँछ ।

विभिन्न किसिमका उपचार सेवाग्राही सम्लग्न भएको करिब १,००० प्रयोगकर्ताहरू बीचमा परीक्षण गरी टप (TOP) को ढाँचा तयार पारिएको हो । यसैले हामीलाई विश्वास छ टप (TOP) ले राम्ररी काम गर्छ ।

सेवा प्रयोगकर्ताको नतिजाको आधारलाई मध्यनजर गर्दै टप (TOP) ले देशको उपचार व्यवस्थापन कार्यमा ठूलो परिवर्तन ल्याउन सक्छ भन्ने हामीलाई विश्वास छ ।
तपाईँको उपचारको समयमा टप (TOP) को सहायताबाट सुरक्षित र विश्वस्त सूचना सङ्कलन गरी मानक तयार गरिनेछ । विस्तृत जानकारीका लागि तपाईँका चिकित्सकसँग पम्पर्क गर्नुहोला ।

*तपाईँको उपचार सेवामा टप (TOP) कसरी सहयोग पुर्‍याउँछ*

**औषधी सेवन त्यागेर वा न्यून गरेर**

कतिपय मानिसहरू पूर्णतया औषधी (लागू पदार्थ) त्याग्न चाहान्छन् तर कसै कसैलाई यस्तो सोचाइले दुखी बनाउँछ र आफ्नो जीवनमा परिवर्तन ल्याउने कुरालाई नै त्यागिदिन्छन् ।

भिन्न भिन्न मानिसमा उपचार सम्बन्धी धारणा फरक फरक हुनसक्छ । कोही व्यक्ति पूर्णतया सेवन नत्यागे पनि चिन्ता नलिकन सेवन न्यून गर्न सक्छन् । टप (TOP) ले उपचार लिनु भन्दा पहिले कसरी र कति सेवन गरिने थियो भन्ने कुराको जानकारी गराउँछ र तपाई आफ्नो प्रगति विवरण आफै हेर्न सक्नु हुनेछ ।

**सुरक्षित सुई**

लागू पदार्थ सुई ज्यादै जोखिमयुक्त हुन्छ । यसले मानिसलाई अधिक मात्राको सेवनतिर धकेल्छ । अरू प्रयोगकर्तासँगको सुई साझेदारीले एच आई भी वा हेपाटाइटिसको सङ्क्रमणको जोखिम बढाउने काम गर्छ । यदि तपाईँ सुई लिँदै हुनुहुन्छ भने तपाईँको चिकित्सकले यसका माध्यमबाट तपाईँको मात्रालाई न्यून गर्दै त्यस्तो जोखिम कम गर्न सकिन्छ । सकारात्मक सोचाइको विकास गर्दै टप (TOP) ले आत्मविश्वास बढाउन मद्दत पुऱ्याउने छ ।

## अपराध

केही मानिसहरू लागूपदार्थका लागि पैसाको चाहनाले अपराध गर्न पुग्छन् जस्ले गर्दा उनीहरूलाई जेल जानु पर्ने हुनसक्छ र परिवार, साथीभाइ, बालबच्चाबाट पनि टाढा बस्नु पर्ने हुन्छ । समाजले यसको क्षति ब्यहोर्नु पर्ने हुन्छ । अनुसन्धानले यो देखाउँछ कि उपचारले लागूपदार्थका लागि पैसाको चाहनाले अपराध गर्ने खराब प्रवृत्तिलाई रोक्न सक्छ । सकारात्मक जीवनशैलीको विकास गर्न पनि मद्दत गर्छ । टप (TOP) ले यस्ता कुराको समाधान पत्ता लगाउन सक्छ तर यसले सम्पूर्ण अपराध पत्ता लगाउँछ भनेर दाबी गर्दैन ।

## स्वास्थ्य र मानव कल्याण

लामो समयसम्म औषधी (लागू पदार्थ) सेवन गर्नाले मानिसमा नैराश्य, कमजोर स्वास्थ्य, चिन्ता जस्ता समस्या सिर्जना गर्दछ । टप (TOP) ले यस्ता साझा समस्या कम गर्नमा सहयोग पुऱ्याउँछ ।

## घर तथा कार्यालय

औषधी (लागू पदार्थ) उपचारले घर, स्कुल वा कलेज आदिमा तपाईँको कार्य सम्पादन क्षमता वृद्धि गर्दछ । यसले सुरक्षित र संयमित गार्हस्थ्यको निर्माणमा सहयोग पुऱ्याउँछ ।
हेर्नुहोस् - टप (TOP) ले यी र यस्ता स्वास्थ्य समस्यालाई कसरी रोकथाम गर्न सक्छ, यदि तपाईँले औषधी (लागू पदार्थ) सेवनमा नियन्त्रण कायम गर्न सफल हुनुभयो भने जीवनका अन्य क्षेत्रम राम्रो सुधार सक्नु हुन्छ ।